अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

पौवादुङमा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः-८ संख्याः- १ मितिः-२०८१/०३/०९

## भाग-१

## पौवादुङमा गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**च्याङग्रे ,भोजपुर**

# <u>पौवादुङमा गाउँपालिकाको विनियोजन ऐन, २०८१</u>

पौवादुङमा गाउँपालिकाको आर्थिक बर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**गाउँसभाबाट पारीत भएको मितिः २०८१।०३।०९**

**प्रस्तावनाः**पौवादुङमा गाउँपालिकाको आर्थिक बर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम पौवादुङमा गाउँसभाले यो ऐन बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "पौवादुङमा गाउँपालिकाको विनियोजन ऐन, २०८१"रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**आर्थिक बर्ष २०८१।८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८१।८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **<u>रु.३८,२५,४१,०००।- (अडत्तीस करोड पच्चीस लाख एकचालीस हजार  रुपैया मात्र)</u>** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त पौवादुङमा गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची—१

(दफा २ सँग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संञ्चित कोषबाट विनियोजन हुने रकम

- रकम रु. मा _

नोटः- विषयगत शाखाहरुको बजेट र गाउँ कार्यपालिकाको बजेट एकै ठाउँमा राखिएको छ ।

| क.स | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | १०,२६,१६,०००। | ६,२२,६०,०००। | | १६,४८,७६,०००। |
| २ | | वडा कार्यालय | ५५,६०,०००। | १,२४,४०,०००। | | १,८०,००,०००। |
| ३ | | संघिय सशर्त तर्फ | १७,४७,०८,०००। | ७२,२६,०००। | | १८,१९,३४,०००। |
| ४ | | प्रदेश सशर्त तर्फ | १५,८१,०००। | १,६१,५०,०००। | | १,७७,३१,०००। |
| ५ | | ऋणको साँवा ब्याज भूक्तानी | | | | |
| ६ | | लगानी (सेयर\ऋण) | | | | |
| | जम्मा | | २८,४४,६५,०००। | ९,८०,७६,०००। | | ३८,२५,४१,०००। |

अनुसूची-२

### आगामी आ.व.को राजश्व अनुमान २०८१/०८२

| क.स | राजश्वको स्रोत | आ.ब. २०८०/८१को लागि संसोधित अनुमान | आ.ब. २०८१/८२ को लागि अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | अन्तरसरकारी वित्त हस्तान्तरण | २९,७७,४०,०००। | २८,४२,३०,०००। | |
| | —) संघीय सरकार | २८,०३,६९,०००।- | २६,१९,३४,०००- | |
| | वित्तिय समानिकरण अनुदान | ७,९६,००,०००।- | ८,००,००,०००।- | |
| | सशर्त अनुदान चालु | १६,९९,६९,०००।- | १७,४७,०८,०००।- | |
| | समपूरक अनुदान | १,३५,००,०००।- | | |

| | | | | |
|---|---|---|---|---|
| | विषेश अनुदान | १,५०,००,०००।- | ५०,००,०००।- | |
| | ससर्त अनुदान पुँजिगत | २३,००,०००।- | २२,२६,०००।- | |
| | **ख) प्रदेश सरकार** | **१,७३,७१,०००।-** | **२,२३,२२,०००।-** | |
| | वित्तिय समानिकरण अनुदान | ४६,०३,०००।- | ४५,९१,०००।- | |
| | सशर्त अनुदान चालु | २०,१८,००० | १५८१००० | |
| | समपूरक अनुदान | ९७,५०,०००।- | ९७,५०,०००।- | |
| | विषेश अनुदान | | | |
| | सशर्त अनुदान पुँजीगत | | ६४,००,०००।- | |
| | | | | |
| २ | **राजश्व बाँडाफाँड** | **७,४०,४३,७३८.२३।-** | **७,८३,८५,०००।-** | |
| | मूल्य अभिबृद्दि कर | ४,६४,८८,९००।- | ५,५६,७७,२६०।- | |
| | अन्तः शुल्क | २,५०,००,०००।- | २,०२,२२,७४०।- | |
| | सवारी साधन कर (प्रदेश) | २५,५०,०००।- | २४,८५,०००।- | |
| | बाँडफाँड भई प्राप्त रोयल्टी | ४८३८।२३ | ० | |
| ३ | **आन्तरिक स्रोत** | **३,५७,०३,७८८.७२।-** | **१,९९,००,०००।-** | |
| | गत आ.व.को नगद मौज्दात (अ.ल्या.) | २,९१,०३,७८८.७२।- | १३३०००००।- | |
| | आन्तरिक स्रोत (कर तथा गैरकर राजश्व) | ६६,००,०००।- | ६६,००,०००।- | |
| | | | | |
| | **कूल जम्मा** | **४०,७४,८७,५२६.९५।-** | **३८,२५,४१,०००।-** | |

आज्ञाले,

नविन भट्टराई

प्रमुख प्रशासकीय अधिकृत